नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(........................................................ शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं. : ०६६/०६८
च.नं. : ९०

मितिः २०७७/०४/१४

## प्रेस विज्ञप्ति

आज मिति २०७७ साल साउन १४ गते कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिबमाया तुम्बाहाङफेज्यू र प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूहरूसँग एकीकृत कानूनी सहायता नीति तथा प्रदेश र स्थानीय तहको कानून निर्माण सम्बन्धी विषयमा छलफल कार्यक्रम सम्पन्न भयो। उक्त छलफल कार्यक्रममा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिबमाया तुम्बाहाङ्फे, प्रदेश नं. १, प्रदेश नं. २, गण्डकी प्रदेश, प्रदेश नं. ५ र कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूहरू तथा यस मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो। उक्त छलफल कार्यक्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री ऋषि राजभण्डारीले स्वागत गर्दै छलफल कार्यक्रम आयोजना गर्नुको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो।

छलफल कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूहरूले कानूनी सहायता नीति कार्यान्वयनको लागि संघीय कानून निर्माण गर्दा प्रदेश र स्थानीय तहसँग समन्वय गर्न आवश्यक रहेको र संघीय संरचना अनुकूल हुने गरी कानून निर्माण हुनु पर्ने तर्फ समेत चासो व्यक्त गर्नु भएको थियो।

प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूहरूले कानून निर्माणको विषयलाई प्रदेशहरूले महत्त्वका साथ अगाडी बढाएको, प्रदेश तथा स्थानीय तहमा कानून विषयको दक्ष जनशक्तिको आवश्यकता रहेको बताउनु भयो। कर्मचारी प्रशासन र प्रहरीसँग सम्बन्धित संघीय कानून छिटो निर्माण भएमा प्रदेशको कर्मचारी प्रशासन र प्रहरीसँग सम्बन्धित कानून बनाउन सकिने बताउनु भयो।

प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूहरूसँग छलफलको क्रममा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूले संघले कानून निर्माण गर्दा तीन वटै तहहरूबीच समन्वय, सहकार्य र सहअस्तित्व बमोजिम अघि बढ्ने, प्रदेशमा आवश्यकतानुसार दक्ष जनशक्ति पठाउने तर्फ प्रयास गर्ने, प्रदेश तथा स्थानीय तहका कानून निर्माणमा संलग्न पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने मन्त्रालयको योजना रहेको बताउनु भयो। माननीय मन्त्रीज्यूले आगामी दिनमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले न्यायिक समितिको क्षमता अभिवृद्धि लगायतका अन्य कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समेत सहकार्य गरेर कार्यक्रम सञ्चालन गरिने बताउनु भयो।

२०७७/४/१४

(लीला देवी गडतौला)
सहसचिव एवं प्रवक्ता

फोन नं.:४-२११९८७, ४२००२२५, ४-२११६३०, ४२१११८४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४२११६८४